# पचालझरना गाउँपालिका
## पडेक्षा, कालिकोट
## आ.ब.२०७८/०७९ सातौ गाउँसभामाको बार्षिक नीति तथा कार्यक्रम

मिति २०७८ असार ९ गते बुधबार

माननीय मुख्यमन्त्री ज्यू, माननीय भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्री ज्यु,
गाउँ सभाका उपाध्यक्ष, सम्पुर्ण सदस्यज्युहरु, सभाका सचिव ज्यू, तथा कर्मचारीहरु, संचारकर्मी पत्रकार, सुरक्षा कर्मी अन्य महानुभाव तथा रेडियोबाट प्रत्यक्ष प्रसारण सुनिरहनुभएका आम समुदायहरु।

आजको यस पचालझरना गाउँपालिकाको सातौं गाउँ सभाको अध्यक्षको हैसियतमा आ ब २०७८।०७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूती गर्दै व्यस्तताका बाबजुद पनि समय प्रदान गर्नु हुने प्रमुख अथिति माननीय मुख्यमन्त्री महेन्द्र बहादुर शाही सभामा उपस्थित भइ यस गाउँसभाको सोभा बढाइदिनु भएकोमा गाउँपालिका, गाउँसभाको तर्फबाट र मेरो व्याक्तिगत रुपले समेत हार्दिक स्वागत गर्दै आभार प्रकट गर्दछु ।

हाम्रो देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा, विभिन्न राजनैतिक परिर्वतन, महान जनयुद्ध, जनआन्दोलन सिंहदरबारको शासन व्यवस्था जनताको घरदैलो सम्म पुर्याउने स्थानीय सरकार स्थापनाका खातिर आफ्नो ज्यानको बलिदान गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात महान अमर सहिदहरुप्रति हार्दिक श्रदान्जली अर्पण गर्न चाहन्छु ।

गरिमामय गाउँसभामा गाँउपालिकाको समग्र विकासका लागि मार्गदर्शकको रुपमा रहने बार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित महशुस गरेको छु । यस अवसरमा हाम्रा अथक प्रयासहरुलाई निरन्तर सुझाव सहयोग प्रदान गर्नुहुने गाउँसभाका सदस्य, कार्यपालिकाका सम्पुर्ण सदस्य ज्यूहरु, गाउँपालिकामा क्रियाशिल राजनैतिक दलका प्रमुख प्रतिनिधिहरु, सरोकारवाला, विकास साझेदार संघसस्थाहरु, स्थानीय नागरिक समाजका प्रतिनिधिहरु, गाउँपालिकाका कर्मचारी एंव पचालझरना बासि सबैमा एकपटक फेरि आभार व्याक्त गर्दछु ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

विश्व -कोभिड १९ कोरोना भाईरस महामारीको चपेटामा छ । परिस्थिती अत्यन्त असहज र चुनौतिपुर्ण अवस्थामा छ । संसार कसरी बचौं र बचाँउ भन्ने संम्वेदनशिल मोडमा उभिएको छ । सबैभन्दा ठुलो संकट मानव माथि आइरहेको अदृश्य युद्ध लडिरहेका छौ । यसलाई परास्त गर्न उच्च मनोबल, सावधानि, धैर्यता र सबैको ऐक्यबद्धता र सहकार्यको आवश्यकता छ । यस जटिल परिस्थितिलाई सहज बनाउन प्रयासमा लागि पर्नुहुने स्वास्थ्य व्यवस्था प्रभावकारी बनाउन अहोरात्र खटिरहनु भएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मीहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु । अझै स्थिति सहज नभइसकेको अवस्था हुनाले सबैको अथक प्रयास, मेहनत र सहकार्यको खाँचो आवश्यक छ । पालिका बासि सबैमा सहकार्य र हातेमालो गर्दै अगाडि बढ्न अनुरोध गर्दछु ।

**सभाका सदस्य ज्यूहरु,**

हामिले विगत वर्षबाट “ समृद्ध पचालझरना, हाम्रो चाहाना” भन्ने मुल नारामा केन्द्रित भएर दिगो विकासको लक्ष्य राखेर अगाडी बढयौ। विकास सामुहिक प्रयासबाट मात्र सम्भव हुन सक्छ । आजको समय भनेको समन्वय र सहकार्यको हो । हाम्रो मुलुकको संवैधानिक व्यवस्था अनुरुप तिन तहमा विभाजित राज्य व्यवस्था संघ, प्रदेश र स्थानीय सरकार बिचको सहकार्य, सामुहिक जिम्मेवारी र राजनैतिक दलहरु बिचको वार्ता संबाद एवम एक अर्का बिचको सहकार्य सहअस्तित्वको मुल मर्म अनुरुप जसरी चलिरहेको छ, हाम्रो गाउँपालिकामा पनि यसैलाई पछ्याउने कोशिस गरिरहेका छौं । पचालझरना गाउँपालिकाको विकासमा हामी सबै एकताबद्ध भएर अगाडि बढ्नु हामी सवैको साझा कर्तव्य हो । आगामी दिनमा यसरी अगाडि बढदै गन्तव्यमा पुगिन्छ भन्ने विश्वास लिएको छु ।

३८१ मिटर उचाइ भएको पचालझरना को नामबाट नामाकरण गरिएको यस पचालझरना गाउँपालिका साबिक नानिकोट, राम्नाकोट र बदालकोट गा बि स को सिकु मिलेर बनेको छ । समुन्द्री सतहदेखि ९७० मिटर उचाइमा रहेको हाम्रो गाउँपालिका को कुल क्षेत्रफल १६६.९२ वर्ग किलोमिटर भुभागमा फैलिएको छ ।

यो गाउँपालिकाको नामाकरण नै झरनाको नामबाट हुनु र थुप्रै झरना, ताल, तलैया, जैविक विविधता प्राकृतिक सुन्दरता, हिमाल, पहाड, चट्टानी भुभाग, घाँसे मैदान, लेकाली फाट, प्राचिन स्थल, मठमन्दिर, पुरातात्विक महत्वका धार्मिक तथा पर्यटकीय स्थलहरु आदिले सिङ्गारिएको यो गाउँपालिका देशकै पर्यटकीय गाउँपालिका हो । यस्ता विविध पक्षहरुको विकास, विस्तार र प्रचारप्रसार गर्न सके आर्थिक आय आर्जन सहित आत्मनिर्भर मात्र होइन

अरुलाई ऋण उपलब्ध गर्न सक्ने गाउँपालिकाको रुपमा विकास गर्न सकिन्छ ।
यस गाउँपालिकामा शिक्षा, स्वास्थ्य, कृषि, जलस्रोत, पर्यटन, पशुपालन, उद्योगधन्दा, र व्यापार व्यवसायमा प्रचुर सम्भावना हुदाँहुदै पनि हाम्रो समुदायको मुख्य आयस्रोत कृषि हुदै आएको छ । यो वर्तमान अवस्थामा केवल दिन काट्ने, गुजारा चलाउने रुपमा मात्रै हुनुले, कृषिलाई आधुनिकिकरण र व्यावसायिक रुपले रुपान्तरण गर्न सकिएको छैन । टुक्रे र परम्परागत उत्पादन तरिका हुँदा न पर्याप्त मात्रामा उत्पादन गर्न सकिन्छ न सुख शान्तिले आराम गर्न पाइन्छ ।

म विश्वासका साथ भन्न चाहान्छु कि, विकास र आत्मनिर्भरताको प्रचुर सम्भावना हुदाँहुदै भौगोलिका विकटता, आर्थिक परनिर्भरता, सामाजिक साँस्कृतिक विविधता, कर्णाली नदीले दुइ किनारामा विभाजित भुगोल र उपलब्ध स्थानीय श्रोत साधन अपेक्षित उपयोग गर्न नसकेका कारण जनताको जीवनस्तरमा उल्लेखनीय परिवर्तन हुन सकेको छैन । अझैपनि कयौं क्षेत्र, वर्ग तथा समुदाय विकासको मुलधारमा पछाडि परिनै रहेका छन । गरिबी र बेरोजगारी मुख्य चुनौतीको रुपमा रहेको छ । अझैपनि छिटफुट रुपमा रहेको जातीय अन्तरविरोध, महिला, दलित माथी भेदभाव कायमै रहेको छ, यि विविध समस्याको समाधान गर्दै सन्तुलित र क्षेत्रीय विकासको लागि निरन्तर रुपमा अगाडि बढ्नु पर्ने अवस्थामा छौ ।

**गाउँ सभाका सदस्य ज्यूहरु,**

अब म विगत वर्षको समिक्षा प्रस्तुत गर्न चाहन्छु ।

**चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमको समिक्षाः**

हामीले कालिकोट जिल्लामा विभाजन गरिएका स्थानीय तहहरुको तुलनात्मक अध्ययन र विश्लेषण गर्दा आर्थिक अवस्था, गरिबीको अवस्था, भौगोलिक विकटता का हिसाबले हाम्रो गाउँपालका असाध्यै कमजोर गाउँपालिकाको रुपमा रहेको छ । जनसंख्याको हिसाबले महाबै गाउँपालिका पछिको दोस्रो नम्बरमा रहेको छ । यहाँको भौगोलिक अवस्थिति सुख्खा जमिन आकासे पानीको भरमा हलो जोत्नु पर्ने बाध्यत्मक सिंचाइ सुविधा प्राप्त नहुनु कृषि पशुपालन, व्यावसायिक खेति र उद्यमशिलताका हिसाबले पछि परेका छौ । प्राकृतिक श्रोत साधनहरुको पहिचान र सदुपयोग गरी योजनाबद्ध विकास आवश्यक छ ।

हाम्रो गाउँपालिकाको समग्र समुचित विकासका निम्ति विगत वर्षबाटै “ **समृद्ध पचालझरना, हाम्रो चाहाना”** भन्ने सुन्दर नारामा केन्द्रित रहेर समग्र योजना अगाडी बढाएका छौ । यो गाउँपालिकाको समग्र अवस्थाको मध्यनजर गरी अगाडी बढीएको हो । आजका दिनमा समेत यो नारालाई सार्थकता दिनु हाम्रो मुख्य कार्यभार नै हो । हामिले कहिल्यै पनि वर्ग भुगोल क्षेत्र केन्द्रित गरेर रकम विभाजन गरेनौ आवश्यकतालाई मध्यनजर गरी समस्याको पहिचान गरी छलफल चलायौ । पार्टी बिपार्टी अल्पमत बहुमतको खेलमा कहिल्यै लागेनौ यहिनै हाम्रो पहिचान बनेको छ । एकता विश्वास र रुपान्तरणद्धारा जनताको मनजित्ने प्रयास गरेका छौ ।

हुम्लाको मानसरोवर बाट बग्दै हाम्रो गाउँपालिका हुदै बग्ने लामो कर्णालि नदी हाम्रो गाउँपालिकाको घाटाचौर हुदै घाट सम्म सुसेली हाल्दै बग्दै छ । कर्णालीबाट लिफ्ट सिंचाइको प्रयाप्त मात्रामा सम्भावना हुदा हुदै पनि निश्चित श्रोत साधनका कारण सो सुविधा उपभोग गर्न सकिएको छैन । तर पनि ढुङगा गिट्टि बालुवा अन्य सामग्री प्रयोग गरि रहेका छौं । कर्णाली नदीसगँ जोडीएको कर्णाली करिडोरले बजार व्यवस्थापन उद्योगधन्दा सगँ हामिलाई नजिक्याएको छ ।

हामिले निर्णायात्मक कार्यन्वयनको वर्षको रुपमा लिने र तिब्र विकासको गतिलाइ पैदा गर्ने भनेर घोषणा गरिएको यो अन्तिम बर्ष र गत वर्ष कार्यन्वयन र योजना निर्माणकै समयमा कोरोना महामारी महाविपत्ति सगँ सामना गर्न गरिएको लकडाउन र गाउँपालिका नै सिल गरेर लाग्नु पर्ने स्थितिमा गाउँपालिका पनी सबै काम छोडेर मुख्य समुदायको ज्यान धनको सुरक्षामै हाम्रो कर्तव्य ठानेर जिम्मेवारि पुरा गरिरहेका छौ । पालिका भित्रका योजनाहरु पौषमा सम्पन्न गर्ने र प्रदेश र संघका आयोजनाहरु जेष्ठ भित्र सम्पन्न गर्ने घोषणा गरिए पनि विश्व महामारीको असर परेको नै छ ।

हामि सबैको अथक मेहनत र प्रयासका बाबजुद सम्भावनाका ढोका खोलिएकाछन क्षेत्रमा गतिलिदै गएको छ । तरपनि यहाँको भौगोलिक विकटता आर्थिक अभावका कारण चाहेरपनि धेरै कुरा गर्न सकिएको छैन ।

<u>उपलब्धी</u>

हरेकले आफ्नो अनुहार ऐनामा हेर्छन र राम्रो बन्ने चाहना सबैको हुन्छ नै । तर यो समाजसेवा व्यात्तिगत कोठामा झुण्डाइएको ऐनाजस्तो होइन यो त खुला आगनको सुर्य जस्तै हो, जुनस्थानबाट नियाल्दा चारैतिर आफुमात्र होइन सबै सबैलाई देख्न सकियोस । सबैको गुण र दोस मुक्तकण्ठले बोल्न पाइयोस । यो बिचमा के गरियो के बाकी रहयो भनीरहनु पर्ने अवस्था छैन । हामी जुन चौरमा आज उभिकएका छौ यहि बाट नै भन्न सक्छौ व्यवहारिक

अनुभूति गर्न सक्छौ । यो एक खुला किताब हो । जसलाई जोसुकै पनि पढन सक्छन । हामिले आम समुदाय सम्म स्थापित गरेको यही संस्कार नै ठुलो उपलब्धि हो । आम समुदायको सुझाब सल्लाह र भावनालाई सम्बोधन गर्दै अगाडी बढेका छौं ।

हामिले सुरुवात गरेका हरेक कार्यक्रम खरमुक्त अभियान- संघिय सरकारको निती तथा कार्यक्रममा सम्बोधन भएको छ । कर्णाली प्रदेश सरकारकै कार्यक्रम भएको छ यिनी कार्यक्रम सामान्य उदाहरण मात्र हुन ।

छोटो अवधिमा अग्ला पहाडहरु भत्काउदै सबै वडाहरु सडक सञ्जाल जोडिएको छ । छोटो राम्रो होस भन्ने हेतुले ठेक्का प्रक्रियामा अगाडि बढेको वडा नं ३ को सडक पनि निर्माणधिन अवस्थामा छ सायद यो दशैसम्म घर आगनमा पुगि सक्ने छ । पालिका भरि करिब ५८ किलोमिटर सडक बिस्तार भएको छ ।

खोलाको पानी बस्तिमा भन्ने नारालाई स्थापित गर्दै हरेक वडामा मिटर सहितको धारा जोडिएको छ । बाँकी रहेका वडा नं ३ र ५ मा यहि वर्ष वृहत खा पा अन्तर्गत सम्पन्न गरिने छ ।

पालिकामा तिनवटा स्वास्थ्य संस्था कामचलाउ बनिरहेको अवस्थामा बाँकी ६ वटै वडामा स्वास्थ्य इकाइ सञ्चालनमा ल्याइएको छ । आगामी वर्षबाट भौने  समेत नयाँ स्थापित गरि सञ्चालन गरिनेछ । पालिकामा संघिय सरकारद्धारा घोषित ५ शैया अस्पतालको निर्माण प्रकिया यसै बर्षबाट सुचारु गरिने छ ।

शैक्षिक रुपले स्थापना गरियका मा.बि. लाइ ब्यवस्थित गरीएको छ मा.बि. देखी आ.बी. सम्म शिक्षक दरबन्दि देखी धमाधम विद्यालयका पक्की भवन निर्माण भइरहेका छन। हामीले घोषणा गरेका नीति तथा कार्यक्रम संघ र प्रदेशले घोषणा गर्दै जानु हाम्रो ठुलो उपलब्धी हो।हाम्रो कारण देशभरी र प्रदेश भरी लागु भइरहेका छन ।

यसै बर्ष बाट अस्थायी टहरामै भएपनि गाउँपालिकाका सम्पुर्ण प्रशासनिक कामहरु पालिका केन्द्रबाट सञ्चालन गरीएको छ। पालिकाको केन्द्र के हुन्छ के गर्छन भन्ने भ्रम साफ भएको छ। पालिकाको पक्की भवन निर्माण गर्न ठेक्का प्रकिया अगाडि बढीसकेको छ।

पचालझरनामा बृहत रंगशाला निमार्ण योजना देखी अन्य योजनाहरु चलिरहेका छन हरेक बिद्यालयमा पक्की भवन सिंचाइ कुलो ब्यवस्थित आदी सबै तिब्र रुपमा अगाडि बढेका छन।

**दृष्टिकोण:** "समृद्ध पचालझरना हाम्रो चाहना" भन्ने मुल नारामा रहेर आगामी ५ वर्ष भित्र नमूना गाउपालिका निर्माण गर्ने

**अभियान:** आन्तरिक आम्दानिलाई सवल बनाउदै प्राप्त श्रोत र साधनको अधिकतम सदुपयोग गरी गाउँपालिकाको समग्र विकास गर्ने ।

गाउँपालिका प्रशासकीय भवन र पर्यटन पुर्वाधार (पदमार्ग) निर्माणको लागि बहुवर्षिय ठेक्काको सूचना प्रकाशन गरि सम्झौताको प्रकृयामा रहेको छ ।

**भावि योजना:**

हाम्रो गाउँपालिकाको भौगोलिक विकटता, सुख्खा, खडेरीग्रस्त, गरिबी, रोग, भोक, आर्थिक, विपन्नता लगायतका अजंगडका पहाडहरु छन यि सबै हाम्रा मुख्य दुश्मन हुन । देशकै मानव सुचाङ्कमा पछि परेको जिल्ला कालिकोट गरिबी, भोकमारी र आर्थिक विपन्नताले जगडिएको छ । अर्का तिर विकास निकासको हिसाबमा यावत समस्याहरुको बिचमा उभिएर समृद्ध पचालझरना निर्माण गर्ने दृढ लक्ष्य लिएका छौं । भावि योजना भनेकै समस्याहरुको समाधान गर्ने, चुनौतिहरु सगँ जुधेर गाउँपालिकालाई सुन्दर समुन्नत र समृद्ध बनाउने हो ।जस्तै:

*क) सुशासन युक्त गाउँपालिका*

*ख) जिम्मेवारी प्रति बफदार कर्मचारी, कर्तव्यनिष्ठ जनप्रतिनिधि भएको गाउँपालिका*

*ग) छुवाछुत मुक्त गाउँपालिका*

*घ) सरसफाइ युक्त गाउँपालिका*

*ङ) निरक्षर मुक्त गाउँपालिका*

*च) बालश्रम शोषण रहित गाउँपालिका*

*छ) बालविवाह, अनमेल विवाह मुक्त गाउँपालिका*

ज) सरकारी र जग्गाहरु अतिक्रमणबाट रोक्नको लागि पहिचान गरि संरक्षण गरिने छ ।

झ) पालिका केन्द्र रहेको पडेक्षा सार्वजनिक जग्गा संरक्षण र वृक्षारोपणको लागि ५०० मिटर वाल निर्माण गरिने छ ।

ञ) ठुला संरचना निर्माणका सम्पुर्ण ठेक्काहरु दशै अगाडी नै प्रकृयामा लगिने छ ।

क) आर्थिक विकास सम्बन्धमाः

“आर्थिक क्षेत्रको विकास, गाउँपालिकाको एकमात्र निकास” भन्ने मूलनाराका साथ गाउँपालिकाको विकास गर्न जरुरी छ । यस गाउँपालिकाको विकासको मेरुदण्डको रुपमा रहेको कर्णाली नदी, पचालझरना पर्यटन, जडिबुटी, कृषि, पशुपालन, वनपैदावार, बजार व्यवस्थापन र उद्योगधन्दाको विकास गर्न सके गाउँपालकाको अर्थतन्त्रलाई सवल, सक्षम र आत्मनिर्भर बनाउन सकिन्छ । गाउँपालिकाको समग्र विकासका लागि आवश्यक दक्ष जनशक्ति, आधुनिक ज्ञान सीप र प्रविधिको विकास गरि गाउँपालिकालाई सवल र सक्षम बनाउनु पर्ने छ । आर्थिक विकासका लागि कृषिमा आधुनिकीकरण, जडिबुटी प्रशोधन केन्द्रलाई आभियानकै रुपमा सञ्चालन गरि कृषिमा व्यावसायिकरण गरिने छ । जसको लागि "*एक वडा एक उत्पादन*" पकेट क्षेत्रको रुपमा विकास गरि जडिबुटी, तरकारी, फलफूल पशुपालन, मासु र दुग्ध उत्पादन व्यवसाय मार्फत प्रतिव्याक्ति आयआर्जन बढाई यहाँको आर्थिक बृद्धिदर द्रुत गतिमा बढाइएको छ

हाम्रो गाउँपालिकाको मुख्य आय स्रोत भनेकै संघीय सरकार प्रदेश सरकारबाट प्रदान गरेको अनुदान हुन । समूचित विकासका निम्ती यहीले पुग्दैन । संघीय सरकार, प्रदेश सरकार, निजी सहकारी, गैरसरकारी संघ सस्था र समुदायबिच साझेदारीको नीति अपनाइने छ । गाउँपालिकामा आवश्यक बैंक तथा वित्तीय संस्थाहरुको स्थापना र विकास गरी गाउँपालिकामा युवा स्वरोजागार लाई जोड दिदै गाउँपालिकामा महिला, दलित, घाइते अपाङग, शहिद परिवार गरिब नागरिक आदी हरेक क्षेत्रमा लाभान्वित भएका छन आगामी बर्षमा यस गाउँपालिकाको आर्थिक विकासका योजनाहरुलाई अझ बढी प्रथामिकताका साथ अगाडि बढाउने योजना रहेको छ ।

<u>कृषि विकास</u>

१. “**समृद्धिको शान-हाम्रा किसान**” भन्ने नाराका साथ कृषि क्षेत्रलाई व्यवस्थित उत्पादन मुखी बनाउन मुहान र श्रोत नभएका स्थानहरु श्रोत खोजीगरी सबै गाउँ बस्तिका खेतियोग्य जमिनमा सिंचाइ गरिनेछ ।
२. मुहानको पानी खेतसम्म पुर्याउन सबै कुला नहर पक्की कुलोको व्यवस्थापन गरिने छ ।
३. कृषिमा आधुनिकीकरण र व्यावसायिकरण गरि कृषकलाई आत्मनिर्भर गरिनेछ । जसलाई कार्यान्वयन गराउन "**एक गाउँ एक पकेट क्षेत्र**" को विकास गरिने छ । एक वडा एक उत्पादन केन्द्र हुनेछन ।
४. गाउँपालिकाले स्थानीय उद्यमी तथा व्यावसायी, सम्बन्धित संस्थाहरुसँग सहकार्य गरी वडा कृषि बस्तु विकास उत्पादन तथा विक्रि गर्ने कार्यक्रमलाई बढाइने छ ।
५. अर्गानिक कर्णाली प्रदेशको नारा कार्यान्वयन गर्दै बिस्तारै विकास हुदै गएको बेमौसमी तरकारी खेती व्यवस्थित गरिने छ ।कृषि सहकारी र संघ संस्थाका माध्यमबाट व्यवस्थित गरिनेछ ।
६. कम्तीमा ५ रोपनी वा सो भन्दा बढी जग्गामा मौसम अनुसार तथा वेमौसमी एकै प्रकारको खेति गर्ने किसानलाई व्यावसायिक किसानको रुपमा पहिचानगरी सम्मान तथा पुरस्कृत गरिनेछ ।
७. कृषि बजार केन्द्र तथा हाटबजारको उचित व्यवस्थापन गरिने छ ।
८. जमिन बाँझो राख्नेलाई प्रधानमन्त्री रोजगार तथा मुख्यमन्त्री रोजगारमा समावेश गरिने छैन ।
९. कृषि विकाससंग सम्बन्धित विभिन्न सरकारी, अर्ध सरकारी तथा गैरसरकारी संघ संस्था, विकासका अन्य साझेदार तथा निजी क्षेत्रसगँ समन्वय र सहकार्य गरी सार्वजनिक नीति साझेदारी अवधारणा अनरुप एकीकृत कृषि विकास कार्यक्रम सञ्चालन गरिने छ ।

<u>पशु शाखा सम्बन्धमाः</u>

१. हामिले घोषणा गरेको कार्यक्रम "**गोठालो भत्ता**" आज प्रदेश सरकारको कार्यक्रममा समावेश भएको छ । कति बस्तुवादी छ भन्ने एकपछि अर्को पुष्टी हुदै गएको र किसानमा उत्पादनको होडबाजी सुरुवात भएको छ ।
२. पशुपालनमा व्यापक वृद्धि गराइ मासुजन्य क्षेत्रमा र दुग्धजन्य क्षेत्रमा गाउँपालिकालाई आत्मनिर्भर बनाइने छ ।
३. पशुहरुको नश्ल सुधार र उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नको लागि पशुहरुमा कृतिम गर्भाधान कार्यक्रम संचालनका लागि पहल गरिने छ ।
४. हरेक वडाहरुमा पशु स्वास्थ्य शिविर संचालन गरिने छ । साथै महामारी रोग नियन्त्रणका लागि खोपहरुको व्यवस्थापन गरिने छ, भेडा बाखा स्रोत केन्द्र स्थापना गर्नको लागि पहल गरिने छ ।

**पर्यटन सम्बन्धमाः**

१. हाम्रो गाउँपालिकाको समग्र पर्यटन क्षेत्रलाई व्यवस्थित गर्ने सके गाउँपालिकाको मुख्य आम्दानि श्रोतको पहिलो आधार बन्न सक्छ ।
२. गाउँपालिकाको ऐतिहासिक धार्मिक तथा सांस्कृतिक धरोहरहरुको पहिचान तथा संरक्षण गरी पर्यटनको विकास गरिने छ ।पर्यटनलाई व्यवस्थित गर्न सम्बन्धित सरोकारवाला संघसंस्थाहरु संग साझा सहकार्यलाई प्रथामिकता दिइने छ ।
३. हाम्रो गाउँपालिकाको मुख्य पर्यटक स्थल पचालझरना हो भने अन्य पर्यटकीय स्थलहरुको पनि पहिचान गरी व्यवस्थित प्रचारप्रसार गरिनेछ ।
४. नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्यान मन्त्रालय र हाम्रो गाउँपालिकाको सह लागानिमा रु ४,६०,००००० । (अक्षेरुपी चार करोड साठ्ठी लाखमा) खार्दु गाउँदेखि पचालझरना सम्म जानको लागि रेलिङ सहितको पदमार्ग, प्रतिक्षालय, स्वागत गेट तथा पर्यटन सूचना केन्द्र निर्माणको लागि ठेक्का प्रकृया अगाडि बढिसकेको छ ।
५. बझिपुल, भ्युटावर, मन्दिर, हेलिप्याड निर्माणको लागि सम्भाव्यता अध्ययन गरी डिजाइनिङको प्रकृया अगाडी बढेको छ
६. निर्माण पकृयामा बढेको शहिद पार्कलाई व्यवस्थित रुपले तल्लो भुराबगर चौरलाई समेत पार्कको रुपमा स्थापित गराइ थप व्यवस्थित गरिने छ ।
७. गाउँपालिकाको मुख्य स्रोतको रुपमा पर्यटनलाई विकास गर्दै पर्यटक हाम्रा पाहुना हामि सबैको घरमा स्वागत गर्ने परम्पराको थालनी गरिने छ ।
८. पालिकाभरी रहेका धार्मिक, सांस्कृतिक सम्पदाहरुको पहिचान गरि थप व्यवस्थित गर्न पहल गरिने छ ।
९. पालिका स्तरको पर्यटन बोर्ड गठन गरि पर्यटन सम्बन्धी कामलाई व्यवस्थित गरिने छ ।
१०. सुर्खेत देखि जिते हुदै लैफु सम्म पचालझरनाको बारेमा सूचना वोर्ड तयारी गरि राखिने छ ।

**उद्योग**

१. स्थानीय बजार अनुगमनलाइ प्रभावकारी बनाइने छ ।
२. यो वर्ष संचालन गर्ने भनिएको घ्युकुमारी प्रशोधन र पचालझरना मिनरल वाटर उत्पादनका निम्ती प्रकृया सुरुवात गरिने छ ।
३. निजी क्षेत्रबाट संचालनमा आएका जडिबुटी, चिया, सिस्नो, पाउडर, फर्निचर, जुस र ढाँका जस्ता उद्योगहरुलाइ व्यवस्थित गर्न ध्यान दिइने छ ।
४. संघ संस्था सहकारीको माध्यमबाट आर्थिक आय आर्जनको माध्यम बनाउदै सहकारीलाई बास्तविक सहकारीको मापदण्डमा ल्याइने छ ।
५. जनताको जीवन स्तर उठाउने र हरेक समुदाय कम्पनीको मालिक बनाउने उदेश्य अनुरुप एक व्याक्ति एक हितग्राही खाता सञ्चालनमा ल्याइने छ ।
६. नेपालको संविधानले व्यवस्था गरे बमोजिम स्थानीय तहको अधिकारक्षेत्रको सिमाभित्र संचालन गरिएका व्यापार व्यावसाय, जडिबुटी, कबाडी,जिबजन्तु, सवारी साधन, विज्ञापन मनोरञ्जन घरबाहल, गिट्टी बालुवा आदि कर व्यवस्थित गरिने छ ।
७. कर्णाली नदिबाट गिट्टि बालुवाको कर योजनाहरु बाटै जम्मा गरिने छ ।
८. कर्णाली करिडोरको क्षेत्र आसपास उद्योग व्यापारलाई व्यवस्थित गर्ने औद्योगिक ग्रामको स्थापनाको लागि संघीय सरकारसँग आवश्यक पहल गरिने छ ।
९. साना ठुला व्यवासयहरुलाई दर्ता प्रकृयामा लगि व्यवस्थित गरिने छ ।
१०. गाउँपालिका स्तरीय साझा सुविधा केन्द्र निर्माण गर्न पहल गरिने छ ।
११. पालिका भरि रहेका उद्योगहरुलाई दर्ता प्रकृयामा ल्याइ प्रोत्साहन गरिने छ ।

**ख) सामाजिक विकास क्षेत्रः**

विकास भन्ने वित्तिकै भौतिक पुर्वाधारहरु के भयो, भवन कति बने, बाटो कति खनियो, धारा के भए, कहाँ कुला कति बनाइए भनेर नाप तौल गर्ने गरिन्छ त्यो एक पक्ष मात्र हो। मुख्य विकास सामाजिक चेतनाको विकास हो

। आजको युग भनेको बैज्ञानिक र कम्प्युटर युग हो । यसमा विश्वका कयौ देशहरु अगाडी बढिरहेको सन्दर्भमा सामाजिक विकास र रुपान्तरण गर्न सके मात्र समग्र विकासले गति पैदा गर्न सक्छ । हाम्रो देशको शहरहरु भन्दा हामी १०० वर्ष पछाडी छौं ।हामी मानव विकास सुचाङ्कका हिसाबले धेरै पछाडी छौं, अशिक्षा वेरोजगारी हाम्रा मुख्य दुश्मन हुन यी सबैलाई परास्त गर्न हामीले सामाजिक विकास रुपान्तरण गर्न सकेमात्र सम्भव छ, तसर्थ निम्न विषयमा योजनाबद्ध रुपमा अगाडि बढ्न जरुरी छ ।

<u>स्वास्थ्यको सवालः</u>

१. तत्काल प्रकृया अगाडी बढेको ५ शैया अस्पताललाइ हरेक हिसाबले व्यवस्थित गर्दै, संचालित ६ वटा स्वास्थ्य इकाइको दरबन्दी कायम गराउन प्रदेश देखि संघीय सरकार सम्म प्रकृया थालनी गरिने छ ।
२. तत्काल वडा नं. १,२ र ३ को छुटफुट भुगोल समेटेर भौनेमा स्वास्थ्य इकाइ संचालनमा ल्याइने छ ।
३. स्वास्थ्य स्वयम सेविकालाई दिदै गरिएको मासिक रु १००० प्रोत्साहन भत्तालाई निरन्तरता दिइने र बुढापाका स्वयम सेवीकालाई बिदाइ गरेर SEE पास गरेका युवा स्वयम सेवीका छनौट गरिने छ ।
४. पालिकाको स्वास्थ्य प्रणालीमा सुधार तथा गुणस्तर स्वास्थ्य सेवामा सबैको पहुँच अभिवृद्धि गर्न गाउँपालिका स्तरीय स्वास्थ्य नीति तथा ऐनलाइ केन्द्रमा राखि कार्यक्रम तथा बजेट व्यवस्था गरिने छ ।
५. कोभिड १९ महामारी न्युनिकरणलाई उच्च प्रथामिकता दिइ यसको रोकथाम, नियन्त्रण, प्रतिकार र उपचारको व्यवस्था गर्दै गाउँपालिका भित्र आवश्यक औषधि एंव औषधीजन्य सामाग्रीको सहज आपुर्ति र उपलब्धता सुनिश्चित गरी महामारीबाट जनतालाई सुरक्षित राखिने छ ।
६. गाउँपालिका बाट संचालित आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु, सामुदायिक स्वास्थ्य इकाइहरु स्वास्थ्य चौकीहरुबाट प्रदान गरिदै आएको स्वास्थ्य सेवालाई थप गुणस्तरीय र व्यवस्थित गरिने छ ।**"एक टोल एक स्टेचर" को** व्यावस्था गरिने छ ।
७. स्वास्थ्य संस्थामा सुत्केरी हुने दर बढाइ मातृ तथा नवजात सिशु स्वास्थ्यकर पोषण स्थितिमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन अनिबार्य बनाउदै आवश्यक प्रोत्साहनको व्यवस्था गरिने छ साथै हरेक स्वास्थ्य इकाइमा बर्थिङ सेन्टर संञ्चालनको लागि पहल गरिनेछ ।
८. विद्यालयमा विद्यार्थीको नियमित स्वास्थ्य जाँच गर्ने व्यवस्था गरी किशोर किशोरीलाइ स्वस्थ राख्न उचित व्यवस्था गरीने छ ।
९. कार्यसम्पादनको आधारमा स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थालाई उचित प्रोत्साहनको व्यवस्था गरिने छ ।
१०. गरिब जेहेन्दार तथा मेहेनत विद्यार्थीलाई चिकित्सक अध्यायनको लागि सहयोग र सहुलियतको व्यवस्थापन गरिने छ ।
११. स्थास्थ्य कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन स्थानीय राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाका साथै दातृ निकायहरु सगँ समन्वय गरि स्वास्थ्य क्षेत्रमा श्रोतको व्यवस्था गरिने छ ।
१२. गम्भिर खालका रोगले उपचार गर्न नसकेका गरिब किसानहरुलाइ पालिकाको तर्फबाट गर्दै आएको आर्थिक सहयोगलाई निरन्तरता दिइने छ ।
१३. आपतकालीन सुत्केरी उद्धारको लागि **"हरेक वडामा १/१ वटा हेलिप्याड"** को निर्माण को लागि पहल गरिने छ
१४. <u>शिक्षा युवा तथा खेलकुद</u>

१. गरिबीको रेखामुनी रहेका नागरिक अति विपन्न, दलित, घाइते अपाङग, शहिद परिवारलाई आयआर्जन मुलक कार्यक्रम विषयगत कार्याक्रम र साझेदारी संस्थाहरुमार्फत व्यवस्था गरिने छ ।
२. उच्च शिक्षा अनिवार्य र सबैलाई सहज बनाउने उदेश्यले यही बर्षबाट आंगीक क्याम्पस स्थापनाको लागि निर्णायक पहल गरिने छ ।
३. जीरो दरबन्दीका विद्यालयलाई दिइएको आवश्यक दरबन्दीलाई निरन्तरता दिइने छ ।
४. विद्यालय पक्की भवन र खुल्ला फिल्ड निर्माणका निम्ती आवश्यक पहल गरिने छ ।
५. दक्ष जनशक्ती उत्पादन र परीक्षा प्रणालीलाई अनुशासित र मर्यादित बनाउन गरिएका पहल कदमीलाई निरन्तरता लगिने छ ।
६. गरिब,दलित, जेहेन्दार तथा मेहनती विद्यार्थीलाई उच्च शिक्षा इन्जिनियर, कृषि अन्य विषय अध्यायनको लागि प्रोत्साहन गर्न **"सुनौला भविष्य बोकेका युवा विद्यार्थिसगँ** अध्यक्ष" कार्यक्रमलाइ निरन्तरता दिइने छ ।
७. उमेर पुगेका सबै बालबालीकालाई विद्यालय भर्ना गराउन घरदैलो अभियान गरिने छ ।

८. उत्कृष्ट विद्यालय तथा विद्यार्थी र कर्तव्यनिष्ठ शिक्षकलाई प्रोत्साहन गरिने छ । साथै विद्यालय स्तरिय रचनात्मक त्रियाकलापलाई पनि निरन्तरता दिइने छ ।
९. फरक क्षमता भएका १/१ छात्रा/ छात्रलाइ र टुहुरा विपन्न तथा गरिब विद्यार्थिलाई शिक्षा हाशिल गर्नको लागि छात्रावृती प्रदान गरिने छ ।
१०. शिक्षकलाई शिक्षण शिकाइ तालिमलाई निरन्तरता गरिने छ ।
११. गाउँपालिकामा आफ्नो स्थानीय पहिचान सहितको स्थानीय पाठ्यक्रम निर्माण गरिने छ ।
१२. शिक्षकहरुको विषय र तह अनुसारको विषय विज्ञहरुको रोस्ट तयार गरिने छ ।
१३. राष्ट्रको चिनारी, सदभाव र मित्रताको केन्द्र खेलकुद नै हो तर्सथ युवाहरुको बिचमा निरन्तर खेलकुद गरिने छ
१४. गाउँपालिकाको आवश्यकताको आधारमा एथ्लेटिक्स र भलिबलको लागि १/ १ जना प्रशिक्षक नियुक्ति गरि खेल क्षेत्रलाई व्यवस्थापन गरिने छ ।
१५. पालिका भित्र युवाहरुको विषय र विद्यालय स्तरिय नियमित खेल सञ्चालन गरिने छ । साथै पालिका बाहिर हुने खेलकुदमा पनि आवश्यकतानुसार सहभागी गराइने छ ।
१६. हरेक वडामा खेलकुदका लागि एक खेल मैदान प्रयोग गर्ने गरि निर्माण गरिने छ ।
१७. गाउँपालिकाबाट नियुक्त करार शिक्षकहरुलाई मासिक रुपमा रु पन्ध्र सयका दरले पारिश्रमिक वृद्धि गरिने छ
१८. प्रत्येक मा.वि. मा इन्टनेटको व्यवस्था भइसकेको छ र आ.बि. हरुको लागि तत्काल इन्टनेटको व्यवस्थापन गर्नको लागि नेपाल दुरसञ्चार प्राधिकरण सँग सम्झौता भइसकेको छ ।
१९. **"अनाथ बालबालिका सगँ अध्यक्ष"** कार्यक्रमको व्यवस्था गरिने छ ।
२०. यस बर्षमा गाउँपालिकालाई *साक्षर पालिका घोषणा* गरिने छ ।
२१. एक विद्यालय एक कम्प्युटरको व्यवस्था गरिने छ ।
२२. सामाजिक लेखा परीक्षण नगर्ने सामुदायिक विद्यालयहरुको अनुदान रकम कटौति गरिने छ ।
२३. निर्माणाधिन अवस्थामा रहेको रङ्गशालालाई जिल्लाकै उत्कृष्ट बनाउन थप रकम विनियोजन गरि बाकी संरचना निर्माण गरिने छ ।
२४. आवश्यकता र मागको आधारमा केहि विद्यालयलाई कक्षा थपको अनुमती दिइने छ

<u>लक्षित बर्गको बारे</u>

१. समाजमा पछी परेका एकल, असाहय र दलित महिलाहरुको लागि **"उपाध्यक्ष रोजगार कार्यक्र"** मा समावेश गरिने छ ।
२. जेष्ठ, नागरिक, अपाङग, महिला, दलित, असहाय व्याक्तिहरुको सहज जीवनयापनको लागि बिशेष योजना बनाइने छ । उद्यमसशिलता, सीपविकास तालिममा प्रथामिकता दिइने छ ।
३. जेष्ठनागरिकको सम्मान, मनोरञ्जन स्थल निर्माण भजन स्थल व्यवस्थापन जस्ता कार्यक्रम संचालन गर्ने नीति लिइने छ । प्रत्येक वर्ष आमा र बुवाको मुख हेर्ने दिन जेष्ठ नागरिक ७५ वर्षमाथीका जेष्ठ नागरिकलाई सम्मान गरिने छ ।
४. बालविवाह, बहुविवाह अन्त्य गरि त्यस्ता विवाह बहिस्कार गरिने छ । राजनैतिक दल नागरिक समाज जनप्रतिनिधी र कर्मचारी सहभागी नहुन अनुरोध गरिने छ ।
५. दमाइ समुदायको टोलमा छुट्टै सिलाइकटाइ घर निर्माण गरि सिलाइकटाइ व्यवस्थापन गर्न एक **"दमाइ एक दराजको"** व्यवस्था गर्न अन्य संघ सस्थासगँ साझेदारी गरि व्यवस्थापन गरिने छ ।
६. एकल महिलालाइ उत्पादन मुलक काममा जोड दिइने छ ।
७. गाउँमा हुने भेदभाव, जातिय छुवाछुत मुक्त, महिला छाउपडी मुक्त कार्यमा विशेष कार्यक्रमका साथ घोषणा गरिने छ ।
८. महिला हिंसा अन्धविश्वास कुसंस्कार, कुरिती अन्त्य शोषण बिरुद्ध कार्यक्रम कला संस्कृति **"हाम्रो संस्कृति हाम्रो पहिचान"** संरक्षण गर्न हामि सबैको अभियान नाराका साथ कला संस्कृतिको जगेर्ना गरिने छ ।
९. हरेक गाउँमा हुने जात्रा देवी देवताको पैठ कला संस्कृतिको संरक्षणको प्रबन्ध गरिने छ । विवाह, जन्म, मृत्युमा हुने ऐतिहासिक कला संस्कृतिलाई विशेष मान्यता दिइने छ ।
१०. हरेक वर्गमा युवा संस्कृति प्रतिष्ठान बनाउने र लोप हुदै गएको कला संस्कृतिको बारेमा आधुनिक युवा

युवतीलाई प्रशिक्षण चलाइने छ ।

११. यहि आउने दशै सम्म "ऐतिहासिक देउडा महोत्सव" को आयोजना गरिने छ ।

१२. सांस्कृतिक रुपमा गरिने भेदभाव मन्दिर माडु समेत दलितहरु माथि गरिने भेदभाव अन्त्य गर्न पहल गरिने छ

१३. एकल पुरुष (बिदुर) लाई जीवनयापन सहज गराउन यही वर्षबाट ५० देखि ५९ बर्षका उमेर समुहलाई मासिक रु ५००। अक्षेरुपी पाँच सय मात्र आवश्यक कार्यविधी बनाइ दिइने छ ।

<u>भौतिक पुर्वाधार</u>

**"गाउँपालिका समृद्धिको आधार- भौतिक पुर्वाधार"** भन्ने नारालाई कार्यान्वयन गराउदै योजनाबद्ध विकासको अभियान संचालन गर्न जरुरत छ । परिवर्तन र विकासको व्यवहारिक अनुभुती भनेकै भौतिक पुर्वाधार हो । भौतिक पुर्वाधार व्यवस्थित नगरि हरेक विकास आयोजना सफल गर्न सकिदैन । तसर्थ सडक यातायात, खानेपानी, बिजुली, सिंचाइ लगाएत पर्दछन । यतिवेला धेरै गर्न खोज्ने र उपलब्धी केहिपनि नहुने कार्यमा लाग्ने छैनौ ।थोरै गर्ने व्यवस्थित गर्ने काम सुरुवात गरेका आयोजना सम्पन्न गर्ने गरि सोच्ने छौ ।

**सडक यतायात तथा झोलुङगे पुल**

हरेक वडामा सडक सञ्जाल बिस्तार गर्ने राखिएको लक्ष्य पुरा गरिसकेका छौ बाँकी स्तरउन्नति र सुधार गर्ने प्रकृया अगाडी बढाइएको छ ।

वडा नं ६ को लैफुबाट जोडीएको सडक प्रदेशको सडक खण्ड पर्ने हुनाले पालिका स्तरबाट गर्दा दोहोरो पर्ने भएकाले प्रदेश र भौतिक पुर्वाधार मार्फत काम अगाडी बढाइएको छ । वडा नं ३ को सडक ठेक्का प्रकृया मार्फत सम्पन्न होस भन्ने हेतुले समग्र पकृया अगाडी बढाउदा पनि ठेकेदारको ढिला सुस्तिका कारण काम सुरुवात हुन सकिरहेको छैन अब तुरुन्तै यहि महिनामा काम अगाडी बढे बढ्यो नत्र ठेक्का प्रकृया रद्ध गरि नयाँ तरिकाले अगाडी बढिने छ ।

**यो बर्ष निम्नानुसारका सडकलाई निर्माणको विशेष जोड दिइने छ ।**

१. भुजनथला हुदै जडेपानी ग्रामीण सडक निर्माणको लागि पहल गरिने छ ।
२. चौथा, डुग्री भारपाटा, पुग हुदै नाग्मासम्म पचालझरना र रारा जोडने पर्यटकीय सडक निर्माणको लागि पहल गरिने छ
३. लौठिपाटा हुदै बाझँकोट ग्रामीण सडक निर्माणको लागि पहल गरिने छ ।
४. धमाली, घरतोली हुदै भंक ग्रामीण सडक यसै बर्ष निर्माण गरिने छ ।
५. गणतन्त्र टोल काडागाउँ ग्रामीण सडक निर्माणको लागि पहल गरिने छ ।
६. राम्नाकोट कदै, दाँगा हुदै डुग्री ग्रामीण सडक यसै वर्ष निर्माण गरिने छ ।
७. सिकु देखि जिम्जेडी जोडने अन्तरपालिका सडक निर्माणको लागि पहल गरिने छ ।
८. रातिमाटा देखि इन्देओ सडक
९. भानाढुङगा देखि टुडिखेत ग्रामीण सडक निर्माण
१०. कोटीलाबाट बड्डादुन सडक
११. खारा हुदै कदै सडक निर्माण
१२. वडा नं ६ को वडा कार्यालयबाट तुडिखेत बोलुगाउँ हुदै ढाण सम्म कृषि सडक निर्माण ।

- खनियका सबै सडकहरुको स्तरउन्नति र व्यवस्थित गर्न प्रधानमन्त्री रोजगार र मुख्यमन्त्री रोजागार कार्यक्रम मार्फत व्यवस्थापन गरिने छ ।
- अधिकांश सडक साघुरो भएकाले सडक आसपासका क्षेत्रमा पुर्वाधार निर्माण गर्दा सडक मापदण्ड भन्दा बाहिरको साइडमा मात्र गर्न पाउने नीति लिइने छ ।
- पालिकाबाट माग गरिएका झोलुङगे पुल बन्ने प्रकृयामा छन तल्लो घट्टेगाडको झो.पु. यो आ.ब. बाट सूचारु गरिने छ । बाँकी भंक खार्दुमा पचालझरनाको फेदीमा लामो र अग्लो झोलुङे पुलको निम्ति यो बर्ष सम्भाव्यता अध्ययन गरिने छ ।
- पक्की पुल जारकोटमा सिलन्यास भएको स्थितिमा फुकोट हाइड्रो पावर मार्फत डौठेमा पकृया अगाडी बढाउन जोड गर्नु पर्दछ ।
  - सडक संरचना निर्माण गर्दा प्रदेश भौतिक पुर्वाधार मार्फत लिइएको ठेक्काका कामहरु भत्कीएका समुदायका निजी घर सडक भत्कि बाटो छोपी अवरोध भएका खेतियोग्य जग्गा जमिन पालिकाभरीका विवरण निकाली

भौतिक पुर्वाधार मार्फत प्रदेश मन्त्रालय सम्म घर क्षतिपूर्ति र जग्गाजमिन खालि गराउन पहल गरिने छ ।

- गाउँपालिकाको प्रमुख प्रशासकीय भवन निर्माणको लागि हाम्रो गाउँपालिका र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तरगतको स्थानीय पुर्वाधार विभागको साझेदारीमा रु ५,६४,३४,५५९। (अक्षेरुपि पाँच करोड चौसठ्ठी लाख चौतिस हजार पाँच सय उनसाठ्ठी) रुपैयामा यसै बर्षबाट बहुवर्षिय ठेक्का प्रकृयामा अगाडी बढाइ सन २०८० सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।
- नौ वटै वडा पालिका भवनको DPR तयार भइसकेकाले निर्माणको प्रकृया थालनी गरिने छ ।

**<u>घोडेट्टो बाटो</u>**

१. पडेक्षा देखिपानी कोइराला सम्म घो बा
२. काडागाउँ देखि चुलिसम्म पिठारासम्म बाटो
३. जनता मा.वि. देखि हडेउरा हुदै डुग्री सम्म घो.बा. निर्माण
४. खार्दु गाउँ, सिमडाडा हुदै फाटाढुगा तोलिभिड घो.बा. निर्माण
५. चाटेबगर मय हुदै नानीकोट सम्म घो.बा. निर्माण

**<u>तटबन्धन</u>**

१. भैसेशैन तटबन्ध
२. खारा पहिरो नियन्तरण
३. भाल्जेवाला तटबन्ध
४. सिमबिसखेत त तटबन्ध ।
५. तिलछाउने ढुङगा तटबन्ध ।
६. बाविया मेला तटबन्ध ।
७. गलुगाड जुकेश तटबन्ध ।
८. मोहोर देखि घाटलाउने ढुङगा तटबन्ध ।
९. चिल्लेपाटा जुम्लिबाडा तटबन्ध ।
१०. सिमसेला पहिरो नियन्तरण
११. बुज्जेडी पहिरो नियन्तरण ।
१२. लामाचौर पहिरो नियन्तरण
१३. सिमाने पहिरो नियन्तरण ।
१४. चौका पहिरो नियन्तरण ।
१५. सिमडाडा तटबन्ध ।
१६. मेहेला तटबन्ध ।
१७. खैरेनी खयरकोट तटबन्ध ।
१८. ढाँण पहिरो नियन्तरण ।

**सिचाईः**

प्रदेश भौतिक पुर्बाधार कार्यालय मार्फत ठेक्का प्रकृयाका सडक खन्ने समयमा भत्केका सिचाई कुला कोटीला सिचाई कुलो, तिखाती सिचाई कुलो, सर्का सिचाई कुलो, छेपारे खेत सिचाई कुलो र जारकोट सिचाई कुलो प्रदेश भौतिक पुर्बाधार मार्फत सुधार मर्मत र पुननिर्माणको प्रकृया अगाडि बढाइने छ। गाउँपालिका भरीका सिचाइको अबस्था कहाँ के गनुपर्ने छ समग्रको डिपिआर तयार गरी सबै कुलो पक्की नहरमा बदलीने छ।

**<u>बृहत सिचाई योजनाहरुः</u>**

१) कुलमुल नैर, डुग्री हुदै आरुखाडा सिंचाइ कुलो यसै आ.ब. बाट क्रमागत रुपमा निर्माणको गरिने छ ।
२) धुल छहरा देखि सिमडाँडा सिंचाइ कुलो यसै बर्षबाट निर्माण प्रकृया थालिने छ ।
३) चुली पिठारा सिंचाइ कुलो निर्माणको लागि पहल गरिने छ ।
४) कुलमुल खार्दु, राम्नाकोट सिंचाइ कुलो क्रमागत रुपमा निर्माण गरिने छ ।
५) कोल्थे, बाँझकोट सिंचाइ कुलो निर्माण कार्य अन्तिमा चरणमा रहेको छ ।
६) घट्टेखोला देखि मय सिंचाइ कुलो निर्माणको लागि पहल गरिने छ ।
७) बयालझरना देखि भिट्टा सिंचाइ कुलो यसै आ ब मा निर्माण गरिने छ ।

८) नौमुले सिचाई कुलो ब्यावस्थीत रुपले निर्माण गर्ने प्रकृयाको सुरुवात गरीने छ।

९) वडा नं ९ मा रहेका दुइवटा सिंचाइ कुलो निर्माणको अन्तिम चरणसम्म ।

अन्य वडा न.६,७ मा सिंचाइको लागि सम्भाब्यता अध्यायन गरी बिकल्पको खोजी गरीने छ।

**खानेपानि तथा सरसफाईः**

१. गत सालबाट घोषणा गरीएको सुन्दर नारा “सफा आगन मेरो पहिचान” थप बजेट विनियोजन गरि निरन्तरता दिइने छ । यसलाई जतिबुझाउन पर्थ्यो बुझाउन सकिरहेका छैनौ। यसलाई बुझाउदै आगामी असोज/कार्तिक सम्म सरसफाईयूक्त गाउपालिका घोषणा गरीने छ।

२. सरसफाई युक्त गाउँपालिका घोषणा गर्न पुर्व बाथरुम सहितको शौचालय, बाथरुम, घर आगनमा जुठ्यान भाडा राख्ने च्याङ करेसाबारी पानी प्रशोधन गर्ने फिल्टर लगाएत सबै निर्माण र प्रयोग भए नभएको अनुगमन गरिने छ खानेपानि तथा सरसफाई हरेक ब्याक्तिको सवालसँग जोडियको हुनाले हरेक घरमा स्वच्छ खानेपानी को ब्यवस्थापन अनिबार्य गरीने छ। हरेक वडामा सुचारु गरीयको खानेपानि वडा न. २,४ नौ ६,७ मा सम्पन्न भएका छन भने वडा न. १,८ र ७,६ प्रदेश बृहत खा.पा मार्फत बन्ने प्रकृयामा छन बाँकि वडा नं ५ र ३ को भेराखोला देखि खार्दु गाउँ सम्म **वृहत खानेपानी** यसै वर्ष सम्भाव्यता अध्ययन गरिने छ ।साथै यही बर्ष सुचारु गर्ने गरी प्रदेश मार्फत प्रकृया बढाइने छ।

**समुदायको आवास ब्यावस्थापन तथा बिकास बारे :**

१. बस्ती पुननिमार्ण प्रकृया अगाडी बढाउन सकियन यो बर्ष निर्णायक रुपले परिणाम निकाल्ने गरी लाग्न पर्दछ।

२. खासगरी खरमुक्त गाउँपालिका घोषणा गर्ने समुदायलाई टिनको छाना दिने यो धेरै बृहत र ब्यापक कार्यक्रम हो। जुन उद्देश्य र लक्ष्यबाट हामीले सुरुवात गर्यौ सोही अनुसार सम्पन्न गर्न सकियको छैन। तर अहिले संघीय सरकारको समेत यही कार्यक्रम प्रकृया अगाडि बढ्नुले हामीलाई सहजता पैदा गरी दिएको छ। अब संघ र प्रेदश सरकारसगँ को सहकार्यमा सम्पन्न गरिने छ ।

३. पहिलो चरणमा दलित र कमजोर आर्थिक स्थिति भएका समुदायलाइ प्रथामिकतामा राखि काम अगाडि बढाइने छ ।

<u>सुचना सँञ्चार प्रविधी र उर्जाः</u>

१. गाँउपालिकाको वेबसाईट (www.pachaljharanamun.gov.np) निमार्ण गरिएको छ।

२. साथै पालिकामा ब्यवस्थित रुपले प्रयोग गदै वडाहरुको पनि इमेल व्यवस्थीत गरी सुचना सँञ्चार लाई मौलिक हकको रुपमा विस्तार गरिने छ ।

३. फोनको भरमा मात्र भन्दा पनि आधिकारीक इमेल मार्फत सबै सरकारी संयन्त्रमा संप्रेषण गरिने छ ।

४. सबै सरकारी कार्यालयहरुलाई डिजिटल प्रविधिमा रुपान्तरण गर्न भरपर्दो इन्टनेटको व्यवस्था गरिने छ ।

५. हरेक सरकारी कार्यालयलाई पेपर लेस बनाउन यो वर्ष आधार तयार गरिने छ ।

६. हरेक काम गर्दा आधुनीकरणसँग जोडेर सुचना केन्द्रको निमार्णका साथै सुचना मैत्री बिकास गदै कम्प्यु टर, जिन्सि, प्रशासन, योजना र राजश्वलाई सफ्ट्वेयर मार्फत कार्यहरु गर्ने व्यवस्था मिलाइने छ ।

७. बिद्युत र उर्जाको कामलाई ब्यवस्थीत गर्दै लाफागाड जलविद्युतलाई पालिका को मातहतमा र यहि ब्यावस्थीत गरीनेछ। साथै हाम्रो स्थानीय स्तरबाट कहा कती बिस्तार गरेर जान सकिन्छ गर्दै जाने र बाँकी राष्ट्रिय प्रसारणलाइन मार्फत बिस्तार गर्न जोड गरीने छ।

८. लाफागाड लघु जलविद्युतलाइ उपभोक्ता समितिबाट यहि दशै सम्ममा गाउँपालिका मातहतमा ल्याउनको लागि कार्यदल गठन गरि प्रकृया सुरुवात गरिने छ ।

९. हरेक सरकारी कार्यालयलाइ विद्युत र बैकल्पिक उर्जाको प्रयोग गरि सेवा प्रवाहलाइ चुस्त गरिने छ ।

१०.हरेक वडा कार्यालयलाइ सूचना प्रविधि मैत्री बनाइ व्यक्तिगत घटना दर्तालाइ साउन १ गते देखि अनिवार्य अनलाइ मार्फत गरिने छ ।

११.समाजिक सुरक्षा भत्तालाई पहिलो चौमासिकबाट बैंक खाता मार्फत भुक्तानीका लागि बैंकसँग सम्झौता गरि प्रकृया अगाडी बढाइने छ ।

१२.पालिकाको सबै सन्देश गुरुपमा SMS मार्फत पठाउनको लागि स्पारो Software को प्रयोग गरिने छ ।

(घ) बाताबरण तथा बिपद ब्यावस्थापनः

१. यस गाउँपालिकामा नाङ्गा डाँडाकाँडा हुने र जंगल नहुने मुख्य कारण नै आगलागी हो। यसलाई कडाइका साथ रोक्न जरुरी छ। आगो लगाउनु अपराध हो भन्ने मानसिकता बोध गराउने र लगाउन नदिने गर्नु पर्दछ। खासगरी भेडाबाखा पालन गर्नेहरुलाई डढेलो लगाउने र छिटो घास पलाओस भन्ने हेतुले पौषबाट बैशाखसम्म वन डढेलो लगाइ उजाड बनाउने लाई कडा भन्दा कडा कानुनी दायरामा ल्याइने छ।

२. हरेकले आफ्नो घर आगन सडकका छेउछाउ र हरेक वडाले एक निश्चित स्थानमा बृक्षारोपण को कार्य बनाई ब्यापक रुपमा बृक्षारोपण गरीने छ।

३. वन वातावरण ब्यवस्थित गर्नका लागी वनसमितीलाई उचित जिम्मेवारी दिइ चौकीदारको ब्यवस्थापन गरीने छ।

४. सामुदायिक वनहरुको ब्यवस्थापनका लागि सबै सामुदायिक वनहरुको आय व्यय बिबरण अर्धबार्षिक रुपमा गाँउपालिकाको कार्यलयमा पेश गर्ने प्रचलनको विकास गरीने छ।

५. गाँउपालिका भित्रका हरेक बस्तीहरु र नदि किनार खोला किनारका बस्ती र खेतीयोग्य जमिनमा कहाँ कुन अबस्थामा रहेको छ पहिरोको जोखीम न्यूनीकरण गर्नका लागि गाँउपालिका पुर्व तयारी डिपिआर तयार गरीने छ।

६. कोही ब्याक्तिहरुले निजी नर्सरी तथा निजी जग्गामा बृक्षारोपण गरी निजीवन जंगल बनाउनेहरु लाई पालिका बाट सम्मान तथा पुरस्कृत गरीने छ।

७. गाउपालिकामा जलबायू परिबर्तन सम्बन्धी स्थानीय अनुकुलन योजना तर्जुमा र ब्यवस्थित गर्न आशा कार्यक्रम र बिश्वखाद्य अन्तर्गत हुरेन्डेक सँग समन्वय गरी बृहत योजनालाई ब्यवस्थित गरीने छ।

८. पालिका आसपास र कर्णाली करीडोरका बजार ब्यावस्थापनका साथै प्लास्टिक जन्य बस्तुहरुको प्रयोग र ब्यवस्थापन गरीने छ। हरेक पसल होटेलले फोहोर डम्पिङ साइड निमार्ण र प्लाष्टिक जलाउने स्थान अनिबार्य बनाउनु पर्ने छ। बनजंगल, बन्यजन्तु र जडीबुटी संरक्षणमा समुदाय संघ संस्था वन समिती लाई अनिबार्य बनाइने छ।

९. विपद जोखीम न्यूनीकरण योजना तयारी लागु गरीने छ।

१०.आकस्मिक विपद कोष खडा गरी सञ्चालन गर्दै आएको कार्यलाई थप ब्यवस्थित गरीने छ।

(ङ) संस्थागत सुशासन तथा सेवा प्रवाहः

१. गाँउपालिकाले प्रदान गर्दै आएको सेवा सुविधालाई अझ थप ब्यवस्थित गर्दै प्रविधी मैत्री बनाउनका लागि कार्यालयको इमेल वेबसाइटमा ब्यवस्थित गर्ने साथै सबै शाखा र वडाका कर्मचारीहरुलाई आधारभुत कम्प्युटर तालिम दिने।

२. सेवा प्रवाहलाई चुस्त दुरुस्त पारदर्शी र जवाफदेही बनाइने नीति लिइने छ। यसको लागि सार्वजनिक उत्तरदायित्वका मुख्य औजारहरु र सार्वजनिक सुनुवाइ, सार्वजनीक लेखा परिक्षण लाई कार्यान्वयन गरीने छ।

३. गाँउपालिकामा कर्तव्यनिष्ठ कर्मचारीलाई सम्मान तथा पुरस्कृत गरीनेछ ।

४. गाँउपालिकामा कार्यरत बिभिन्न सँघ सँस्था उपभोक्ता समितीहरुको उचित मुल्याकन गरी जनशक्ति ब्यवस्थापन र बिकासका लागि ब्यवस्थित योजना निर्माण गरिने छ।

५. गाँउपालिका बाट सँञ्चालित योजना तथा कार्यक्रमहरुको पारदर्शिता बढाउनका लागि सार्वजनिक लेखा परिक्षण, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, नागरिक प्रतिबेदन योजना स्थलमा होडीङ बोर्ड राख्न तथा ब्यवस्थित गर्न लगाइने छ।

६. गाँउपालिकामा सुबिधा सम्पन्न सुचना केन्द्र स्थापनाका साथै हरेक समय र कामको सुचना सुचित गराउन सुचना केन्द्र स्थापना गरिने छ ।

७. यस गाँउपालिकामा कार्यरत सामाजिक परिचालक अस्थायी तथा करार कर्मचारीहरु लाई आवश्यकताको आधारमा निरन्तरता दिइने छ ।

८. गाउँपालिकाका विभिन्न कार्यालयमा कार्यरतलाई स्केल नपाएका करार कर्मचारीहरु सबैको मासिक रु १५०० तलब बढाइने छ ।

९. कानुनी शासनको पारदर्शिता लाई मध्यनजर गर्दै सबैजना प्रतिनीधी र कर्मचारीहरु लाई आफ्ने काम र

जिम्मेवारी प्रति  जवाफदेही बनाइने छ।

१०. संघीय सरकारबाट राष्ट्र सेवक कर्मचारी हरुलाइ दिइएको प्रोत्साहनलाइ यथावत राख्दै हाजिर भएको दिनमा दैनिक रु ५५ रुपैंया खाजा खर्च बापत प्रोत्साहन दिइ सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन सहयोग गरिने छ ।

११. पालिकाको हाताभित्र आफ्नै चमेना गृह सञ्चालन गरि ताजा, गुणस्तरिय सस्तो सुलभ, खाना तथा खाजाको व्यवस्था गरिने छ ।

१२. कार्यालयको व्यवस्थापन तथा फजुल खर्च कटौति गरि यस आ.ब. मा पर्न आउने प्रकोपमा खर्च गरिने छ ।

कानुन तथा न्यायः

१. कानुनी शासन, सुशासन भन्ने मान्यतालाई कार्यान्वयन गर्दै न्यायपालिका लाई चुस्त दुरुस्त  बनाइने छ।

२. न्यायपालिकाका कामलाई ब्यवस्थित रुपले सम्पादन गर्न कानूनविद र कानूनी सल्लाहकार नियूक्ति गरीने छ।

३. न्यायपालिका लाई प्रभावकारी बनाउदै वडा स्तरका मेलमिलाप केन्द्रहरुलाई ब्यवस्थित परिचालन गरीने छ।

४. समाजमा हुने झै झगडा विवाद हिंसाजन्य क्रियाकलाप लाइ निरुत्साहित गर्दै सदभाव, सहकार्य र सहमत सोचको बिकास गराउदै स्वच्छ सुलभ निरपेक्ष छिटो छरितो न्याय सम्पादन गरीने छ।

राजस्व तथा बित्त ब्यावस्था

१. गाँउपालिकामा रहेको राजस्व परामर्श समिती स्थानीय सरोकारवालाहरुको सिफारिसका आधारमा करको दायरामा छलफल गरी ब्यवस्थित गरीनेछ । गाँउपालिकाको स्वायत्त अधिकार क्षेत्रभित्र रहेका कर दस्तुरका बृहत क्षेत्र पहिचान गरी सँकलन तथा ब्यवस्थापनमा उपयुक्त नीति अपनाई श्रोत साधनको परिचालन  गरी आन्तरिक श्रोत बृद्धि गर्दै लैजाने नीति अबलम्बन गरीने छ।

२. राजस्व भनेको पारदर्शिता र अनुशासनको बाटो भएको कुरा आम जनसमुदायमा बुझाइने छ। गाँउपालिका क्षेत्रभित्र रहेका बाहलकर र  अन्य श्रोतको लगत अध्याबधिक गरीदै लगिने छ।

३. गाँउपालिकामा सञ्चालनमा रहेका ब्यवसाय लाई करको दाएरामा ल्याइने कर संकलन प्रणालीलाई प्रभावकारी बनाउन विशेष अभियान सञ्चालन गर्ने र उत्कृष्ट करदाता लाई सम्मान गरीनेछ

४. बजारलाई माग र आपुर्तीको प्राकृतिक नियमानुसार राख्नको लागी बजार अनुगमन मुल्य सुचि निर्धारण तथा अन्य आवश्यक संयन्त्र  बनाई लगानी गर्न पहल गरीने छ। बजारलाई ब्यवस्थित बनाई बजारको सुन्दरता कायम गर्ने खानेपानी सरसफाई फोहोर मैला ब्यवस्थापन कार्यविधि कडाइका साथ कार्यन्वयन गरीने छ।

५. ढुङगा,गिट्टी बालुवा जस्ता निर्माण सामग्रीको नियमन गरि करको दायरामा ल्याइ निश्चित ठाँउबाट निस्काशनको लागि ठेक्का प्रकृया अगाडि बढाइने छ  ।

<u>तथ्याङ्क संकलन तथा अभिलेख ब्यावस्थापनः</u>

१. गाँउपालिका लाई आवश्यक बिभिन्न तथ्याङ्कहरु सँकलन गरीने छ। संकलित तथ्याङ्कहरुको ब्यवस्थित अभिलेख ब्यवस्थापनको लागि सुचना प्रविधीको प्रयोग गरीने छ। पालिका भरी बिकास निमार्ण भौतिक पुर्वाधार देखी समग्र बिषयबस्तुको एकएक तथ्याङ्क ब्यवस्थित गरी पालिकाको संरचना पछाडि निर्मित  आयोजनाहरुको अभिलेख राखीने छ। योजना तथा कार्यक्रमहरुलाई तथ्याङ्क सँग आबद्धता गरीनेछ।

२. स्थानीय योजना ब्यवस्थापन  पालिका योजना तर्जुमा कार्यान्वयन तथा अनुगमन मुल्याङ्कनको बस्तुगत मापदण्ड बनाई लागु गरीने छ।

३. योजना कसैको व्याक्तिगत माग का आधारमा भन्दा सामुहीक छलफल र आवश्यकता का आधारमा छनोट हुनेछ। हरेक आयोजना एकै बर्ष सम्पन्न हुनु पर्छ भन्ने मान्यता लाई चिर्दै बहुबर्षिय र गौरव का बृहत आयोजना हरु छनौटमा ध्यान दिइने छ ।

४. कार्यसम्पादनको आधारमा  उपभोक्ता समितीका कामसँग सम्बन्धित समुहहरुलाई सम्मान तथा पुरस्कार र दण्ड सजायको ब्यवस्था गरीने छ।

<u>गैर सरकारी/सरकारी संघ संस्थाहरुको योजना सम्बन्धमा ।</u>

१. गाउँपालिकामा समग्र रुपले योजनाबद्ध विकास गर्न योजना तर्जुमा र तयार गरिएको लापा कार्यक्रमलाई पास गर्दै कार्यान्वयन गरिने छ ।

२. हुरेन्डेकद्धारा विकास गर्न खोजिएको वडा नं ४ राम्नाकोट गाउँलाई जलवायु मन्त्री गाउँको रुपमा विकास गर्न पालिकाद्धारा समेत साझेदारी गरिने छ ।
३. साथै गाउँपालिका भरि चलिरहेको कार्यलाई निरन्तरता दिदै आसा नेपाललाई वडा नं १ र २ मात्रै केन्द्रित गर्न र वाकी ७ वटा वडामा हुरेण्डेक नेपाललाई विशेष कार्यक्रम गर्न निर्देशन दिइने छ ।

**सभाका सदस्य ज्युहरुः**

मानव जातिकै इतिहासमा खरबारीमा फैलिएको डढेलो जसरि अकल्पनीय र अकस्मात रुपमा बिश्वब्यापी फैलिएको कोरना भाइरस का बिरुद्ध लडेर जित्ने पर्ने प्रयासमा छौं। कोभिड १९ महामारीले सिङ्गो संसार अस्तब्यस्त बन्न पुगको छ। केही परिणाम मुखी काम गरौ र हाम्रा इच्छा चाहना र भावनाको सम्बोधन गर्दै विकासको मुल फुटाउने यस घडिमै आइ परेको संकटलाई छल्दै प्रस्तुत नीति तथा बजेट ल्यायका छौं। अपेक्षा आशाले भरीएको सिहँदरबार जुन अब काठमान्डौमा मात्र होइन देशभरी गाउटोल बस्तिसम्म विस्तारित भएको उत्साहले छ्यापछ्यासी चर्चा पाई रहेका बेला जिम्मेवारी लिएका हामी सुरुवातमा अनुभवजन्य समस्या पद्धति प्रकृया र ब्यवस्थापनको समस्याका साथै कर्मचारी बिहीन अबस्थाबाट कार्यलय सञ्चालन गर्नुपर्ने स्थितिको सामना गर्दै बामे सर्न लागेको स्थानीय सरकार यो दुई बर्ष कोरना भाइरस नामक माहामारीले चाहे पनि धेरै काम गर्न सक्ने अवस्थामा छैनौ र जति सकिन्छ त्यही थोरै गरौ तर राम्रो गरौ अग्रीम सुझाब सल्लाह लिनु पछाडी आलोचना गर्ने चौराहमा बार्ने र खिल्ली उडाउने नगरौ। यो समय अवधिका हिसाबले अन्तिम बर्ष पनि हो परिणाममुखी बनाउ।

अन्तमा यस अबसरमा समग्र योजनामा सहयोग पुर्याउने उपाध्यक्ष, कार्यपालिका सदस्य ज्युहरु गाउसभाका सदस्य ज्युहरु गाउसभाको तयारी सन्दर्भमा सुझाब सल्लाह दिनेहुने राजनैतिक दल, बिभिन्न बौद्धिक वर्ग सबैमा हार्दिक आभार प्रकट गर्दछु।

बजेट छलफल तथा निर्णयको समग्र प्रयासमा सहयोग गर्नुहुने गाँउकार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सचिवालयका सम्पुर्ण कर्मचारी गाउपालिकाका सम्पुर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

यस अबसरमा सुभेच्छा सदभाब प्रकट गर्नुहुने गाँउपालिकाबासी आम समुदाय, सुरक्षाकर्मी ,पत्रकार, देश बिदेशमा रहनुभएका नागरिक र प्रत्यक्ष प्रसारण सुनेर बसिरहनु भएका जिल्लाका आमाबुवा दाजुभाई तथा दिदिबहिनी सबैलाई एकमुष्ट हार्दिक धन्यबाद ज्ञापन गर्दछु।

गाँउपालिका को बिकास र समृद्धीका लागी बजेट श्रोतको सुनिश्चिता गरीदिने संघिय सरकार, कर्णाली प्रदेश सरकार निरन्तर सदभाव र सहयोग पुर्याउने नागरिक करदाता, गाँउपालिकाको हित र समन्वयमा कार्यरत बिकास साझेदार सरकारी गैरसरकारी संघसंस्था प्रति आभार ब्यक्त गर्दै बजेट योजना कार्यन्वयनमा सबैको सहहृदय सहयोगको अपेक्षा गर्दछु। समस्याहरु धेरै छन सबैको एकैपटक समाधान सम्भव पनि छैन। हुन पनि सक्दैन बर्तमान बस्तुगत धरातलमा उभिन र चुतौतीहरुको सामना गर्न हामी कटिबद्ध र एकताबद्ध बनौ। उज्वल भबिष्य निर्माण को लागि आसाबादी बनौ **"समृद्ध पचाल झरना हाम्रो चाहना"** पुराहुने छ।

धन्यबाद !

खडगराज सेजुवाल
अध्यक्ष